## संवत् २०७९ साल भदौ १३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०७९ भदौ २४ देखि २६ सम्म भुटानमा आयोजना हुने इसिमोडको ५३ औं बोर्ड अफ गभर्नरको बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेललाई स्वीकृति प्रदान गर्ने। |
| २. | अर्थ मन्त्रालय | विश्व बैङ्क समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट डिजिटल नेपाल एक्सलरेसन परियोजनाको लागि १४० मिलियन अमेरिकी डलर (करिब रु. १७ अर्ब) सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आ.व. २०७९/८० को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतका आयोजनाहरूका लागि राजपत्राङ्कित स्तरका २८ र सातौं तहका २ गरी जम्मा ३० पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | आ.व. २०७९/८० को लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मातहतका आयोजना/ कार्यक्रमहरुको निम्ति विभिन्न सेवा, समूह, उपसमूह र श्रेणीका राजपत्रांकित अधिकृत तहका ४३१ पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ५. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | आ.व. २०७९/८० को लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत संचालित विभिन्न आयोजनाको लागि कुल ५० राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| ६. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | G to G प्रावधानअन्तर्गत भारत सरकारसँग हस्ताक्षर भएको समझदारीपत्रमा भएको व्यवस्थाबमोजिम मल खरिद गर्न समझदारीपत्रको बाँकी अवधिको लागि कृषि सामाग्री कम्पनी लिमिटेडलाई तोक्ने। |
| ७. | वन तथा वातावरण मन्त्रालय | आ.व. २०७९/८० को लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत सञ्चालित र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुका लागि राजपत्रांकित श्रेणीको ४७ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ८. | वन तथा वातावरण मन्त्रालय | मिति २०७९ असोज ४ र ५ गते मुस्ताङ जिल्लामा हुने अन्तर्राष्ट्रिय पर्वतीय दिगो विकास वर्ष "मुस्ताङ समिट" मा विभिन्न ४ मुलुकका मन्त्रीहरूलाई आमन्त्रण गर्न स्वीकृति दिने। |
| ९. | वन तथा वातावरण मन्त्रालय | २०७९ आश्विन १० देखि १४ गतेसम्म अमेरिकामा सञ्चालन हुने The Global Methane, Climate and Clean Air Forum कार्यक्रममा भाग लिन माननीय वन तथा वातावरण मन्त्रीलाई स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १०. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | चिकित्सा शिक्षा आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका आयोजना, परियोजना, कार्यक्रम र समितिका लागि राजपत्रांकित श्रेणी वा सो सरहका जम्मा १०५ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ११. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | जिल्ला सभा प्यूठानको नाममा रहेको साविक बरौला गा.वि.स. वडा नं.८ स्थित १०-०-०-० रोपनी जग्गा ऐरावती गाउँपालिका, प्यूठानको नाममा हक हस्तान्तरणको लागि स्वीकृति दिने। |
| १२. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | मिति २०७९ भदौ २० देखि २४ सम्म भुटानको पारोमा आयोजना हुने Seventy-fifth Session of the WHO Regional Committee for South-East Asia मा स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री श्री हिराचन्द्र के.सी., सचिव डा. रोशन पोखरेल, प्रमुख विशेषज्ञ डा. संगिता कौशल मिश्रालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |